नेपाली महाबाणिज्यदूतावास, न्यूयोर्क
Consulate General of Nepal, New York

# प्रेष विज्ञप्ति

नेपालबाट हराएका मूर्तिहरू क्रमशः उमा महेश्वर र भगवान बुद्धको उभिएको पूर्णकदको मूर्ति, न्यूयोर्कस्थित मेट्रोपोलिटन कला संग्रहालय (Metropolitan Museum of Art) मा पाइएकोले उक्त मूर्तिहरू नेपाल सरकारलाइ हस्तान्तरण गर्ने घोषणा गरियो । यस सम्बन्धमा मेट्रोपोलिटन कला संग्रहालयमा आज आयोजित विशेष समारोहमा उक्त मूर्तिहरू नेपाल सरकारलाई हस्तान्तरण गर्ने घोषणा गर्दै सो सम्बन्धि समझदारीमा न्यूयोर्कस्थित कन्सुल जनरल श्री मधुकुमार मरासिनी र सो संग्रहालयका अध्यक्ष Mr. Daniel H. Weiss बीच हस्ताक्षर सम्पन्न भयो ।

उक्त मूर्तिहरू मध्ये टंगालहिटी, पाटनमा रहेको उमा महेश्वर (शिव पार्वती) को मूर्ति बाह्रौदेखि तेह्रौ शताव्दीमा बनेको विश्वास गरिएको र अर्को भगवान बुद्धको उभिएको पूर्णकदको मूर्ति यट्खाटोल, काठमाडौमा रहेको तथा एघारौदेखि बाह्रौ शताव्दीमा बनेको विश्वास गरिएको छ। दुवै मूर्तिहरू सन् ८० को दशकमा नेपालबाट चोरी भएको पाइएको छ ।

वरिष्ठ कलाविद् स्व. लैनसिंह वाङ्देलको सन् १९८९ मा प्रकाशित पुस्तक Stolen Images of Nepal मा उल्लेख भएका उक्त मूर्तिहरू मध्ये उमा महेश्वरको मूर्ति सन् १९८३ मा नैं संग्रहालयमा कसैले प्रदान गरेको र संग्रहालयमा प्रदर्शनमा रहेको थियो भने भगवान बुद्धको उभिएको पूर्णकदको मूर्ति सन् २०१५ मा कुनै दाताले प्रदान गरेको थियो । ती दुबै मूर्तिहरु चोरी भएर ल्याइएको जानकारी प्राप्त भएपछि संग्रहालयले आफ्नो प्रदर्शनी कक्षबाट हटाइसकेको छ ।

उक्त समारोहमा कन्सुल जनरल श्री मधुकुमार मरासिनीले संग्रहालयलाई उक्त मूर्तिहरू फिर्ता गर्न सहयोग पुर्याएकोमा सो कार्यको प्रशंसा गर्दै धन्यवाद दिनुभयो । साथै यस कार्यबाट पूरातात्विक महत्वका कलाकृतिहरू अवैध व्यापार गर्नेहरूलाई निरूत्साहित गर्न सकिने आफ्नो धारणा राख्दै नेपाल सरकार पुरातात्विक महत्वका कलाकृतिहरूको संरक्षण गर्न प्रतिवद्ध गरेको कुरा जानकारी गराउनुभयो । संग्रहालयका अध्यक्ष Mr. Weiss ले उक्त संग्रहालयमा कुनै पनि अवैध तरिकाबाट प्राप्त मूर्तिहरू नरहुन भन्ने संग्रहालयको प्रतिवद्धता रहेको व्यहोरा जानकारी गराउनुभयो । भन्सार र कार्गो सम्बन्धि आवश्यक प्रकृयाहरू पुरा गराइ उक्त मूर्तिहरू यही अप्रिल २०१८ भित्र नेपाल ल्याइपुर्याउने कार्यक्रम रहेको छ ।

मार्च ५, २०१८
न्यूयोर्क

216 East 49th Street, 4th Floor, New York, NY 10017 • Tel: 917-675-6783 • Fax: 917-675-6779
Email: cgnnewyork@mofa.gov.np • Website: www.nyc.nepalconsulate.gov.np